फो.न.०७८-५८०२१०

# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# नवलपरासी
# ५ नं. प्रदेश, नेपाल

बर्दघाट नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दघाट, नवलपरासी ५ नं. प्रदेश नेपाल

प.सं: ०७६/०७७(प्रशासन)
च.नं. ३९

मितिः-२०७७।०४।०६

श्री बर्दघाट नगरपालिका
सवै वडा कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) ।

**विषय :-निर्णय कार्यान्वयन सम्वन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. १७६५ मितिः२०७७।०३।१८ को पत्रको छाँया प्रति यसै पत्रसाथ संलग्न छ । उक्त पत्रानुसार सामाजिक सुरक्षा ऐन २०७५ को दफा १५ को खण्ड (ग) मा अन्य कुनै प्रकारले नियमित रूपले पारिश्रमिक, निवृत्तभरण अवकाश सुविधा एंव अन्य सुविधा पाइरहेका ब्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने प्रष्ट्र ब्यबस्था गरेको हुँदा विदेशी सरकारवाट नियमित रूपले निवृतिभरण प्राप्त गरिरहेका नेपाली नागरिकहरूलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्न नमिल्ने भनि २०७७।०३।१७ (मा. मन्त्रीस्तर) बाट निर्णय भएको हुँदा सोहि ब्यवस्था अनुसार आवश्यक कार्यान्वयन गर्नुहुन जानकारीका लागि अनुरोध छ ।

मेघनाथ पाध्या
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशाशकिय अधिकृत

टेलिफोनः ४२११५६१, ४२६४६८१
४२६२०५६, ४२००८९५
फ्याक्सः ४२०००१४

नेपाल सरकार

# गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्याः- 0६६/066
प्राप्त पत्र संख्या र मितिः-
च.नं.: १०६५

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सिंहदरबार काठमाडौं

२०७७/३/१८

विषयः निर्णय कार्यानवयन गर्ने सम्बन्धमा।

श्री स्थानीय तह सबै।

उपरोक्त सम्वन्धमा नेपालको संविधान वमोजिम आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालवालिका, आफ्नो हेरचाह आँफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्ने उदेश्यका साथ सामाजिक सुरक्षा ऐन, २०७५ कार्यान्वयनमा आएको हो। उक्त ऐनको दफा १५ को खण्ड (ग) मा अन्य कुनै प्रकारले नियमित रूपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा एवं अन्य सुविधा पाईरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने प्रष्ट व्यवस्था गरेको हुँदा विदेशी सरकारवाट नियमित रूपले निवृतिभरण प्राप्त गरिरहेका नेपाली नागरिकहरूलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्न नमिल्ने भनी मिति २०७७/०३/१७ (मा. मन्त्रीस्तर) बाट निर्णय भएको हुँदा सोही बमोजिम गर्नु गराउनुहुन जानकारीकालागि अनुरोध छ।

सावित्रा वस्नेत
शाखा अधिकृत